जि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)-०३९/०४०
# नवीन साप्ताहिक
म.जि.हु.का.द.नं. ६/०६४/०६५

वर्ष ४२ अंक ३५ २०८१ साल बैशाख २ गते आइतवार (14 Apr. 2024 Sunday) मूल्य रु. ७/-

सामाजिक संजालको प्रयोग गर्दा सावधानी अपनाऔं, सामाजिक मर्यादाको ख्याल गरौं ।

*यस अंक भित्र* – **पृष्ठ २ मा :** चालु आ.ब.को अन्त्यतिर ... **पृष्ठ ३ मा :** एकीकृत स्वास्थ्य सेवा ऐनको ... **पृष्ठ ४ मा :** सिंहदरबारभित्र देखिएको ... **पृष्ठ ५ मा :** राष्ट्रपति रामचन्द्र पौडेलद्वारा ...

# अधिकृत गुरुङ नयाँ वर्षमा कुचो बोकेर मन्दिर-मन्दिर



**राजविराज**/राजविराज नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत विष्णुप्रसाद गुरुङ नयाँ वर्षको सुरुवात मन्दिर सरसफाईबाट गरेका छन् ।

शनिबार एकाबिहान दुई जना सरसफाईकर्मीसहित हातमा कुचो बोकेर निस्केका उनी नगरको शनी, हनुमान र भगवती मन्दिर सरसफाई गर्दै नयाँ वर्षको शुरुवात गरेका हुन् ।

नयाँ वर्षको अवसरमा मन्दिरहरुमा भक्तजनको भीड लाग्ने गर्दछ । तर, कतिपय मन्दिर परिसरमा सरसफाईको अभाव देखिएको खबर आएपछि सरसफाईमा सघाउन आफै खटिएको उनले सुनाए ।

मन्दिर परिसर र आसपास फालिएको फोहर सफा गरिएपछी पुजा गर्न आएका भक्तजन खुशी व्यक्त गर्दै उनलाई धन्यवाद दिएका छन् । छठपर्वका बेला पनि उनी नगरका विभिन्न जलाशय सरसफाईमा सफाइकर्मीसहित खटिएका थिए ।

नयाँ वर्षको सुरुवात मन्दिरको सरसफाईबाट सुरु गरेका उनले भने, "एकातिर मन्दिरको सरसफाईले भक्तजनलाई सहज हुन्छ भने अर्कोतिर आफूलाई पुण्य प्राप्ति हुने विश्वास जागृत हुन्छ ।"

# ५१ जनालाई लालपूर्जा प्रदान

**राजविराज**/राजविराज नगरपालिका वडा नं. ६ कार्यालयले ५१ जनालाई जग्गाधनी दर्ता प्रमाणपत्र (लालपूर्जा) प्रदान गरिएको छ ।

दशकौदेखी वसोवास गर्दै आएका जग्गाको लालपूजा नहुदा विभिन्न समस्या झेलिरहेकाती ५१ जनालाई बुधवार एक कार्यक्रमबीच प्रमाण पत्र प्रदान गरिएको हो ।

वडा कार्यालय र नापी कार्यालयबीच भएको पहलपछि एक कार्यक्रमबीच उनीहरुलाई लालपूर्जा प्रदान गरिएको वडा नं. ६ को कार्यालयका अध्यक्ष शशी चौधरीले जानकारी दिए । यसरी लालपूजा पाउनेहरुमा २७ पूरुष र २४ महिला छन् ।

राजविराज नगरपालिका वडा नं. ६ कार्यालयको आयोजना तथा नापी कार्यालय र ३ नम्बर नापी टोली राजविराजको संयोजनमा गरिएको कार्यक्रममा नापी कार्यालयका प्रमुख सुमन किशोर मिश्र, ३ नं नापी टोलीका प्रमुख सतिश कुमार यादव, वडा ६ का अध्यक्ष शशी चौधरी, वडा ८ का अध्यक्ष जयनारायण मण्डल, वडा ७ का अध्यक्ष सुभाष चन्द्र यादव

*बाँकी दुई पृष्ठमा*

# कार नहरमा खस्दा एक बालकको मृत्यु, १० जना घाइते

**राजविराज**/इद पर्वको अवसरमा घुम्न हिडेका एकै परिवारका ११ जना कार दुर्घटनामा पर्दा एक बालकको मृत्यु भएको छ ।

प्रदेश३-०१-०२२च.१३५० नम्बरको कारमा कोशी ब्यारेज घुम्न हिडेका सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका १२ निवासी सल्मान अलीका परिवार दुर्घटनामा पर्दा उनका ५ वर्षिय छोराको मृत्यु भएको हो ।

बिहीबार साँझ आएको हावाहुरीको समयमा कोशी नहरमा कार अनियन्त्रित भई खस्दा बालकको मृत्यु भएको प्रहरीले जनाएको छ । सो कारमा सवार अन्य १० जना घाइते भएका छन् दुर्घटनामा अलीका ५ वर्षिय छोरा गम्भिर घाइते भई उपचारका लागि गजेन्द्र नारायण सिंह अस्पताल पुऱ्याउँदा चिकित्सकले मृत घोषित गरेको प्रहरीको भनाई छ ।

यस्तै दुर्घटनामा सल्मान अली, उनका ४ वर्षिय कान्छो छोरा आशिक अलीसहित १० जना घाइते भएको र उनीहरुको बिराटनगरमा उपचार भइरहेको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार कोशी ब्यारेज घुमेर घर फर्किंदै गर्दा राती करिब ९ बजेतिर एक्कासी हावाहुरी चलेको बेला उक्त कार अनियन्त्रित भई हनुमाननगर कंकालिनी नगरपालिका वडा नं. १ सकरदहीस्थित कोशी नहरमा खसेर दुर्घटना भएको हो ।

## हार्दिक शुभकामना

नव वर्ष २०८१ को सुखद अवसरमा समस्त ग्राहकवर्ग, बिज्ञापनदाता, शुभचिन्तक एवं जिल्लावासीमा सुख, शान्ति, सु-स्वास्थ्य तथा प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नवीन साप्ताहिक परिवार

## हार्दिक शुभकामना

नयाँ वर्ष २०८१ को सुखद अवसरमा सम्पूर्ण शेयर सदस्य, ग्राहक, शुभचिन्तक एवं जिल्लावासीमा सुख, शान्ति, सु-स्वास्थ्य तथा प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**विश्वनाथ मण्डल**
अध्यक्ष एवं
जन ज्योति कृषि सहकारी संस्था लि.
राजविराज ९, मलेठ, सप्तरी

## हार्दिक शुभकामना

नयाँ वर्ष २०८१ को सुखद अवसरमा सम्पूर्ण शेयर सदस्य, ग्राहक, शुभचिन्तक एवं जिल्लावासीमा सुख, शान्ति, सु-स्वास्थ्य तथा प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**सचिन्द्र दास**
अध्यक्ष एवं
जनमुखी बहुउद्देश्यीय सहकारी संस्था लि.
राजविराज, परिवार

## हार्दिक शुभकामना

नयाँ वर्ष २०८१ को सुखद अवसरमा सम्पूर्ण शेयर सदस्य, ग्राहक, शुभचिन्तक एवं जिल्लावासीमा सुख, शान्ति, सु-स्वास्थ्य तथा प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**शत्रुधन प्रसाद गुप्ता**
अध्यक्ष एवं
नेपाल सहकारी संस्था लि.
राजविराज, परिवार

## काम गर्न विदेश जाने सोच बनाउँदै हुनुहुन्छ ?

हुनुहुन्छ भने:

- श्रम तथा वैदेशिक रोजगारका विषयमा आवश्यक जानकारीका लागि स्थानीय तहमा क्रियाशील रोजगार सेवा केन्द्रमा सम्पर्क गर्नुहोस्।
- राहदानी बनाउँदाका बखत नै सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा रहेको आप्रवासी स्रोत केन्द्रमा सम्पर्क राख्नुहोस्।
- श्रम कल सेन्टरको नि:शुल्क नम्बर ११४१ मा फोन गर्नुहोस्।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### लोप हुँदै गएका उपकरणलाई जोगाऔं

विभिन्न सामानहरु तौल गर्ने विद्युतिय उपकरणहरु अहिले बजारमा आएका छन्। कमदेखी बढी वजन भएका सामानहरु महिनेत बिना नै तौल गर्न सकिन्छ। यस्ता उपकरणले ठगि गर्नबाट जोगाएको छ। यस्ता उपकरणका कारण हातबाट तौल गरिने हाते तराजु भने बिस्थापित हुँदै गएको छ। यो हाते तराजु बजारीकरणको प्रारम्भिक चरणबाट चलिआएको छ।

यता हाते तराजु बिस्थापित हुँदै जाँदा विद्युतीय उपकरणमा कुनै गडबडी आएमा पुन: सोही तराजुबाटै तौल गरिन्छ। खाद्यान्न, तरकारी, मासु, चामल लगायतका दैनिक उपभोग्य सामानहरु नापतौल गर्न अहिले बजारमा विभिन्न आधुनिक यन्त्रहरु भित्रिएका छन्। आधुनिक यूगसँगै नाप तौलमा पनि आधुनिक नापतौलका उपकरणहरु बजारमा प्रसस्त देख्न पाइन्छ। विभिन्न विद्युतिय उपकरणहरु उपलब्ध हुँदा पनि केही स्थानमा अझै इँट, ढुंगाकै ढक बनाएर हाते तराजुबाट नापतौल गर्ने गरेको पाइन्छ।

जतिसुकै अत्याधुनिक तौल गर्ने उपकरण आए पनि हाते तराजुको आवश्यकता पर्छ नै। किन भने विद्युतिय उपकरणमा गडबडी आएमा पुन: सोही हाते तराजु नै प्रयोग गर्नपर्छ। तसर्थ यस्ता परम्परागत उपकरणहरुको जगेर्ना गर्नु अति आवश्यक छ।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569


# चालु आ.ब.को अन्त्यतिर जिससको बजेट सार्वजनिक

**राजविराज**/जिल्ला समन्वय समिति सप्तरीले चालु आ.ब. २०८०/८१ बिल्न तीन बाँकी रहँदा बजेट, नीति तथा कार्यक्रम सार्वजनिक गरेको छ। बिहीबार समितिले जिल्ला सभाको आयोजना गरि बजेट, नीति तथा कार्यक्रम सार्वजनिक गरेको हो।

प्रतिनिधिसभा सदस्य दिनेश कुमार यादवले उद्घाटन गरेको जिल्ला सभामा जिल्ला समन्वय समितिका सभापति शिवनारायण साहले चालु आ.ब. २०८०/८१ को बजेट, नीति तथा कार्यक्रम प्रस्तुत गरे।

सभामा उनले आ.ब. २०८०/८१ मा पूँजीगत तर्फ १ करोड ६५ लाख ६५ हजार ५ सय २९ रुँपैया र चालुतर्फ १ करोड ६३ लाख ५८ हजार गरि ३ करोड २९ लाख २३ हजार ५ सय २९ रुँपैयाको बजेट प्रस्तुत गरे।

नगर र गाउँपालिकाको समन्वय तथा जिल्ला सभाको सक्षम नेतृत्वबाट जिल्लामा सबै पालिकलाई सदरमुकामसँग जोड्न सडक बाटोको निर्माण गरिने प्रस्तुत बजेट, नीति तथा कार्यक्रमको पहिलो बुँदामा उल्लेख गरिएको छ।

सो अवसरमा उनले जिल्लास्थित संघीय तथा प्रादेशिक कार्यालय, गैरसरकारी संघ संस्था र पालिकाहरुसँग समन्वय गरि जिल्लाको समग्र विकासमा महत्वपूर्ण भूमिका खेल्दै आएको जिल्ला समन्वय समिति पछिल्लो समय अधिकार र आर्थिक रुपमा कमजोर भएको बताए।

कार्यक्रममा प्रतिनिधिसभा सदस्य दिनेश कुमार यादव, प्रदेश सांसद किरण कुमारी साह, सतिशकुमार सिंह, प्रमुख जिल्ला अधिकारी किरण थापाका साथै १८ वटै पालिकाका प्रमुखहरुले शुभकामना दिएका थिए।

# त्रियुगा सहकारीले मनायो स्वर्ण जयन्ती

**फत्तेपुर (सप्तरी)**/सप्तरीको फत्तेपुरस्थित त्रियुगा बहुमुखी सहकारी संस्थाले बुधबार स्वर्ण जयन्ती मनाएको छ।

स्थापनाको ५० वर्ष पूरा भएको अवसरमा सप्तकोसी नगरपालिकाको फत्तेपुरस्थित शहिद स्मृति रंगशालामा उक्त स्वर्ण जयन्ती मनाइएको हो। सो अवसरमा लोपोन्मुख पञ्चेबाजा, किराँत नाच, नेवा, मगर, थारु नाँच-झाँकी समेत प्रस्तुत गरिएको थियो।



झण्डै ४ हजार ४० शेयर सदस्य रहेको त्रियुगा सहकारीले हालसम्म ४४ करोड ५३ लाख ७५ हजार रुपैयाँ ऋण लगानी गरेको छ भने हालसम्म ४५ करोड ९८ लाख २६ हजार बचत गरेको सहकारीका सल्लाहकार समितिका अध्यक्ष खगेन्द्र कार्कीले जानकारी दिए। उक्त सहकारीको ५ करोड ११ लाख ३४ हजार कुल शेयर पुँजी रहेको छ।

त्रियुगा सहकारीका अध्यक्ष चन्देश्वर चौधरीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा राष्ट्रिय सहकारी महासंघका अध्यक्ष ओमदेवी मल्लले ५० वर्षदेखि आफ्नो गरिमा कायम राख्न सफल भएका त्रियुगा सहकारीको नक्कल गर्न मुलुकका अन्य सहकारी सञ्चालकहरुलाई सुझाव दिईन्। कार्यक्रममा सहकारीका पुर्वअध्यक्षहरु, वृद्ध सेयर सदस्यसहितकालाई सम्मान गरिएको थियो।

# छिन्नमस्ताले सिंचाई वापतको विद्युत महसुल तिर्ने

**राजविराज**/सप्तरीको छिन्नमस्ता गाउँपालिकाले सिंचाई वापतको विद्युत महसुल तिर्ने भएको छ।

गाउँपालिका भित्रका आफ्नो किसानहरूको सिंचाइको विद्युत् महसुल तिर्ने भएको हो।

कृषि विद्युतीकरणबाट सिंचाइ गर्दा कम लागतमा धेरै सिंचाइ गर्न सकिने भएकाले यो अवधारण ल्याएको गाउँपालिका अध्यक्ष विद्यानन्द चौधरीले जानकारी दिएका छन्।

कृषि उत्पादन बढाउनका लागि कृषि विद्युतीकरण कार्यक्रम अन्तर्गत खेत खेतमा गाउँपालिकाले सिँचाइ सुविधा पनि पुऱ्याउने निर्णय गरेको उनको भनाई छ।

गत वर्ष असार ७ गते सम्पन्न १० औं गाउँसभा बैठकबाट किसानले खेत सिँचाइ गर्दा उठेको महसुल पचास प्रतिशत गाउँपालिकाले तिरिदिने निर्णय गरिएको उनले बताए।

उनले यस निर्णयबाट सम्पूर्ण किसान लाभान्वित हुने अपेक्षा गरेको भन्दै कृषि विद्युतीकरणबाट सिँचाइ गर्दा कम लागतमा धेरै सिँचाइ गर्न सकिने भएकाले साथै खेतिप्रति किसानको आकर्षणसमेत बढ्ने अध्यक्ष चौधरीले विश्वास लिएका छन्।

यस पालिकामा ४० हजार जनसंख्या रहेकोमा ९५ प्रतिशत व्यक्ति कृषि पेसामा आबद्ध छन्। तर, सिँचाइको अन्य विकल्प नहुँदा किसानले डिजेलबाट चल्ने पम्पसेटबाट खेती सिँचाइ गर्दै आएका थिए। यसरी सिँचाइ गर्दा महँगो पर्न जाने किसानको गुनासो रहँदै आएको थियो।

यसअघि जिल्लाको रुपनी र विष्णुपुर गाउँपालिका तथा हनुमाननगर कंकालिनी नगरपालिका समेतले किसानहरुको कृषि सिंचाई वापतको बिद्युत महसुल तिर्ने निर्णय गरिसकेको छ।

### ५१ जनालाई ...

लगायतले जग्गाधनी दर्ता प्रमाण पत्र पुर्जा प्रदान गरेका थिए।

तत्कालिन बोरिया गाविस हाल राजविराज नगरपालिका ६ मा मात्रै ४ सय भन्दा बढी स्थानीय बासीन्दा जग्गाधनी प्रमाण पत्र पुर्जाबाट बन्चित रहेकोमा आवश्यक प्रक्रिया पुरा गरी पहिलो चरणमा ५१ जनालाई लालपूर्जा प्रदान गरिएको र बाँकि रहेकाहरुलाई पनि प्रक्रिया पुरा गर्दै क्रमिकरुपमा प्रदान गरिने नापी कार्यालयका प्रमुख मिश्रले जानकारी दिए।

गाउँ ब्लकको जग्गामा बाबुबाजेको पाला देखी वसोवास गर्दै आएको सो वडाका ४ सय भन्दा बढी वडावासी अझै लालपूजा नपाउँदा समस्या भोगिरहेको भन्दै वडाअध्यक्ष शशि चौधरीले बाँकि रहेका वडावासीलाई समेत जग्गाधनी प्रमाण पत्र दिलाउन आफुले आवश्यक पहल थालेको बताए।

आफुले जिम्मेवारी सम्हालेपछि सूरु गरेको प्रयास बल्ल सफल हुन थालेको भन्दै उनले आफ्नो कार्यकालमा विवादित बाहेक सबै गाउँब्लक जग्गाका धनीहरुलाई लालपूर्जा दिलाएरै छाड्ने प्रतिबद्धता समेत जनाए।


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

अनुरोधकर्ता
तिलाठी कोइलाडी गाउँपालिका, सप्तरी

# एकीकृत स्वास्थ्य सेवा ऐनको औचित्य र आवश्यकता

**सरोज थापा**

संघीय निजामती सेवा विधेयक, २०८० प्रतिनिधिसभामा प्रस्तुत भएको छ। प्रस्तुत विधेयकमा सङ्घीय निजामती सेवा अन्तर्गत ११ वटा सेवा (क) नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवा, (ख) नेपाल इन्जिनियरिङ सेवा, (ग) नेपाल कृषि सेवा, (घ) नेपाल न्याय सेवा, (ङ) नेपाल परराष्ट्र सेवा, (च) नेपाल प्रशासन सेवा (छ) नेपाल लेखापरीक्षण सेवा, (ज) नेपाल वन सेवा, (झ) नेपाल विविध सेवा, (ञ) नेपाल शिक्षा सेवा, र (ट) नेपाल सूचना प्रविधि सेवा राखिएको छ। विगतको ड्राफ्टहरुमा स्वास्थ्य सेवालाई समेत समेटेर सङ्घीय निजामती सेवा ऐनको ड्राफ्ट गरिएको थियो।

विभिन्न वहस छलफल तथा ट्रेड यूनीयनहरुले निर्भाह गरेको भूमिका र स्वास्थ्यको महत्वको आत्मसाथ गर्दै हाल प्रस्तुत ऐनमा स्वास्थ्य ऐन समावेश नगरिनुले अब स्वास्थ्य सेवा ऐन छुट्टै हुनेमा शंका छैन। यद्यपि यति ठूलो क्षेत्रको नेतृत्व गरेर बसेको स्वास्थ्य मन्त्रालय कानमा तेल हालेर बसेको छ। स्वास्थ्यमन्त्री लयागत मन्त्रालयमा नेतृत्व गरेर बसेका उच्चपदस्थ कर्मचारीहरुले एकीकृत स्वास्थ्य सेवा कस्तो हुनुपर्छ भनेर हालसम्म पनि ऐनको ड्राफ्ट बनाउन नसक्नु अकर्मण्यता नै भन्नुपर्छ।

स्वास्थ्य सेवा आफैंमा एक विशिष्टकृत सेवा भएको सर्वबिदितै छ। स्वास्थ्य क्षेत्रले प्रदान गर्ने सेवाले नागरिकको जन्म र मरणबीच प्रत्यक्ष सम्बन्ध राख्दछ। यसमा काम गर्ने स्वास्थ्यकर्मीहरुको दक्षता अनुभवलाई उच्चतम प्रयोग गर्ने र नागरिकको अधिकतम हितमा प्रयोग गर्ने अवस्था सिर्जना गर्ने भनेको दाईत्व राज्य हो। यसर्थ राज्यले स्वास्थ्यकर्मी तथा नागरिकमैत्री कानूनको निर्माण गर्दै संविधानको भावना र मर्मलाई आत्मसाथ गर्न जरुरी देखिन्छ। स्वास्थ्य सेवालाई अन्य सेवामा मिसाएर ऐन निर्माण गर्नु भनेको बिरवलले पकाएको खिचडी जस्तो हो। जसको न कुनै स्वाद हुन्छ न महत्व नै यसर्थ पनि खिचडी होईन स्वादिष्ठ भोजन बनाउनु राज्य तथा सरोकारवाला निकायको सघन जिम्मेवारी हुन आउँछ।

स्वास्थ्य सेवामा गुणस्तर भन्नाले त्यस्तो स्वास्थ्य सेवालाई जनाउँछ जुन सेवाले सेवाग्राही वा उपभोक्ताहरुको आवश्यकता र चाहाना पुरा गर्न सक्छ। राष्ट्रिय मापदण्ड र मान्यता अनुसारको तालिम प्राप्त तथा दक्ष स्वास्थ्यकर्मीद्वारा स्थानीय श्रोतको अधिकतम उपयोग गरी अपेक्षा गरे अनुरुप सेवाको लक्ष्य हासिल गर्न सकिन्छ। जसले गर्दा स्वास्थ्यकर्मी तथा आमनागरिक सवैलाई फाईदा पुर्‍याउनुका साथै खतरा जोखिम कम गर्न समेत प्रभावकारी भूमिका निर्वाह गर्न सक्दछ।

नेपालको संवैधानिक ईतिहासमा पहिलो पल्ट स्वास्थ्यलाई मौलिकहकमा समेटेको छ। नेपालको संविधान धारा ३५९१० मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन भन्ने लगायतका वहुतै महत्वाकांक्षी व्यबस्था छ। नेपालको संविधानमा समेटिएका स्वास्थ्यका प्रावधान, मर्म र भावनालाई आत्मसाथ गर्दै राष्ट्रिय स्वास्थ्य नीति २०७६ वमोजिम जनसहभागितामूलक निःशुल्क आधारभूत स्वास्थ्य सेवा नै अहिलेको अपरिहार्य हो। स्वास्थ्य सेवाको महत्वलाई मध्यनजर गर्दै किन एकीकृत निजामती ऐनवाट स्वास्थ्य सेवा ऐन पृथक हुनपर्छ भन्ने सन्दर्भमा सेवाको आवाश्यक्ता र औचित्यको आधारमा आफ्नै महत्व रहेको छ।

**एकीकृत स्वास्थ्य सेवा ऐनको औचित्य र आवश्यकतक**

हालसम्म पनि नेपालको स्वास्थ्य नीति २०४८ अनुसार स्थापना भएका स्वास्थ्य संस्थावाट सामान्य, उपचारात्मक प्रवर्द्धनात्मक तथा प्रतिकारात्मक सेवाहरू प्रदान गरिदै आएको छ। संघियता प्रश्चात स्थानीयतहरुले स्वास्थ्य सेवालाइ महत्वको साथ अगाडी वढाएको अवस्था छैन। स्थानीय स्तरमा नेतृत्व गर्ने जनप्रतिनीधिहरुले स्वास्थ्यलाई कुन ढंगमा वुझेका छन सोही बमोजिम पालिका पिच्छे स्वास्थ्यका गतिबिधि समेत फरक फरक भएको छ। जनताले अधिकतम सेवा प्राप्त गर्नु त राम्रो कुरा हो यद्धपी पालिका पिच्छे सेवा कम र वढी पाउनु भनेको नागरिक बिच राज्यको भेदभाव हो भन्न सकिन्छ। धेरै जसो स्थानीय तहले विकास भनेको वाटो पुलपुलेसा र भवन मात्रै कल्पना गर्नु र त्यसैमा सवै श्रोतको परिचालन गर्नुले नै पनि प्रष्ठ पार्दछ। विभेदकारी समायोजन ऐन २०७५ मार्फत प्रदेश तथा स्थानीय तहमा समायोजन भएका स्वास्थ्यकर्मीहरुमा मनोबलको उच्च वनाउदै सङ्घ, प्रदेश र स्थानीय तहबीच स्वास्थ्य क्षेत्रको लगानीमा समन्वय कायम गरी भौगोलिक, सामाजिक, आर्थिक, सांस्कृतिक तथा लैङ्गिक विविधतालाई दृष्टिगत गर्दै स्रोत साधनको समतामूलक र न्यायोचित वितरण सुनिश्चित गर्न समेत एकीकृत निजामती सेवा ऐनले संभव देखिन्न। स्वास्थ्य सेवा एक विशिष्टकृत सेवा हो। यसमा रहेका विभिन्न सेवा, समूह तथा उपसमूहहरुको आफन्नै पहिचान र महत्व रहेको छ। कुनै समूहमा त संख्यामा गन्न सक्ने मात्र विज्ञहरु रहेका छन। यस्ता विज्ञता भएका व्यक्ति वा समूहलाई समेत विशिष्ट ढंगले परिचालन गर्नुपर्छ जुन एकल निजामती सेवा ऐनले समेटन सक्दैन।

**किन एकीकृत स्वास्थ्य सेवा ऐन, संघीय निजामती ऐनबाट फरक हुनुपर्छ ?**

स्वास्थ्य सेवा एक बिशिष्टकृत स्वास्थ्य सेवा हो जसमा सयौको संख्यामा सेवारसमुहरउपसमुहमा बिबिधिकरण रहेको छ। जसको परिचालन तथा नियमन शुक्ष्मढंगले गर्न आवाश्यक रहेकोले यो सेवा ऐन छुट्टै हुन जरुरी छ।

स्वास्थ्यको शैक्षिक योग्यता, विशेषज्ञता, सेवा समुह अनुसारको जिम्मेवारी बहन गर्न र गराउन तथा स्वास्थ्यका विभिन्न कार्यक्रमको साथै सेवाको मर्म एकीकृत निजामती प्रशासन सेवाले उपयुक्त ज्ञान हासिल गरी परिचालन गर्न नसक्ने भएकोले। राज्यले स्वास्थ्य क्षेत्रमा गरेको लगानीको उचित प्रतिफल हासिल गर्नका लागि नेपाल सरकारवाट स्वास्थ्यमा छात्रबृति पाएर अध्ययन गरेका विद्यार्थीहरुलाई देशको दुरदराजमा सेवा गर्न पठाउन सकिन्छ यसको विधि र प्रक्रिया फरक हुनसक्छ। हाल विदेश पलायन भईरहेको स्वास्थ्का दक्ष्य जनशक्तिको बौद्धिक पलायन रोक्नका लागि उपयुक्त कानूनी व्यबस्था गरी देशमा नै रोजगारीको सिर्जना गर्न आवाश्यक भएकोले। हिजोका दिनमा स्वास्थ्यकर्मी लयायत चिकित्सकहरुले पाउदै आएका कतिपय सेवा सुविधाहरु निजामती वरावर हुन पर्छ भनेर कटौती गरेको छ। सामान्य विषयमा दक्षता हासिल गरेर प्रशासन सञ्चालन गर्नु र विषय विज्ञता हासिल गर्नेको सेवा सुविधा एउटै हुनुले समेत हाल स्वास्थ्य सेवामा प्रवेशीहरुको रहर जाग्न सकेको देखिदैन। यो नै हालको बौद्धिक पलायनको प्रमुख कारण वन्दै गएको छ।

ठूलो संख्यामा टिएसएलसी अध्ययन गरेर वसेका विद्यार्थीहरुको व्यबस्थापन गर्नका लागि दरवन्दी संरचना पुनरावलोकन गर्दै निश्चित वर्ष चौथो तहमा समेत पदपुर्तीको व्यवस्था गर्न जरुरी भएकोले एकीकृत स्वास्थ्य सेवाको अपरिहार्यता रहेको छ। अवकाश, पदोन्नतिका आधार, निर्वाह गर्नुपर्ने उत्तरदायित्व, प्राविधिक ज्ञान सिप, सेवा सम्बन्धी शैक्षिक ज्ञान जस्ता विषयमा प्रत्यक्ष र परोक्ष्य सम्बन्ध राख्ने हुनाले समेत एकीकृत निजामती ऐनले स्वास्थ्य सेवालाई समेटेर अगाडी वढ्न सक्ने अवस्था देखिदैन। समग्र स्वास्थ्य सेवाको परिचालन (प्राविधिक तथा प्रशासनिक कार्य) स्वास्थ्य सेवाकै जनशक्तिवाटै शुनिश्चितता गर्दै सेवालाई छिटो र छरितो ढंगले उपलब्ध गराउन।

स्वास्थ्यमा भएको वौद्धिकतालाई अधिकतम राज्यले उपभोगरउपयोग गर्नका लागि हाल कायम रहेको उमेरहदलाई वढाएर ६५ वर्ष बनाउन र सेवा प्रवेशको उमेरलाई ४५ वर्ष कायम गरी अधिकतम दक्ष सेवा नागरिकलाई प्रदान गर्न।

सेवा प्रश्चात पनि उपयुक्त प्राविधिक जनशक्तिलाई सेवा करारमा लिएर राज्यका उपयुक्त जिम्मेवारी प्रदान गर्न। यस्तो अवस्थामा उमेरको हदबन्दी हटाउन उपयुक्त रहन्छ। दिन दिनै नयाँ प्रविधि तथा विज्ञताको आयाम थपिने हुदाँ तक्काल त्यस्ता प्रविधि र विज्ञता राज्यले प्रयोग गर्न सक्ने वातावरण तयार गर्न।

समायोजन ऐन २०७५ वमोजिम निजामती कर्मचारीकै स्वरुपमा स्वास्थ्यकर्मीहरुलाई समेत समायोजन गर्दा बिधमान स्वास्थ्य सेवा २०५३ ले दिएको र भएका सेवा सुबिधा समेत नपाइ वञ्चित भएका तमान स्वास्थ्यकर्मीको उचित ढंगले सम्वोधन गरी स्वास्थ्यकर्मीलाई उत्पेरित गर्न। समायोजन ऐन २०७५ बमोजिम स्थानिय तहमा समायोजन हुदा निजामती कर्मचारीहरुको हकमा एकतह स्वतः बृद्धि गरि समायोजन गरिएको तथापी स्वास्थ्यकर्मीहरुलाइ तलबमा दुई ग्रेड स्थानीय तहमा समायोजन भए वापत प्राप्त पुरुस्कार थप गरी समायोजन गरेको र स्तरवृद्धि हुदाँ उक्त काटिएको ग्रेडको शुनिश्चितता गर्न आवाश्यक्ता भएकोले किनकी पुरुस्कार सम्मान दिएको हो यो काट्नु मिल्दैन।

प्रदेश तथा स्थानीयतहमा समायोजन भै गएका स्वास्थ्य सेवाका कर्मचारीहरुलाई समायोजन हुदाका बखत एक तह बृद्धि नपाएका र हाल सम्म तह बृद्धि नभएकाको हकमा एक तह स्वत बृद्धि गरी स्वास्थ्यकर्मीको मनोवल उच्च राखी सवैका लागि स्वास्थ्य भन्ने अभियानमा समाहित गर्न उपयुक्त भएकोले नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९ ख बमोजिम विशेष पदस्थापन भएका स्वास्थ्य सेवाका कर्मचारीहरुको एक तह बृद्धि हुने प्राबधान ऐनमा राखि कानूनको सम्मान गर्नु पर्ने। एकीकृत स्वास्थ्य सेवा ऐनमा स्थानीय तहबाट प्रदेश वा संघमा तथा संघबाट प्रदेश वा स्थानिय तहमा सरुवा हुने ब्यवस्था गर्नुपर्ने साथै प्रदेश र प्रदेश तथा स्थानीय र स्थानीय तह सरुवा प्रणालीको ब्यवस्था गरिनुपर्ने।

एकीकृत स्वास्थ्य सेवा ऐन हुँदा राज्यका विभिन्न विपद महामारी लगायतका प्रकोपमा स्वास्थ्यकर्मीको शिघ्रातिशिघ्र परिचालन गरी प्रकोप नियन्त्रण गर्न। प्रदेश सरकारवाट जारी गरिएका स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐनमा स्वास्थ्य सेवालाई प्राथमिकतामा नराखिएको र वढुवा लगायतका विषयमा निजामती कर्मचारी र स्वास्थ्य सेवाका कर्मचारी बीच बिभेद सिर्जना गरिएको।

केन्द्र देखि सबै स्थानीय तह सम्मवाट उपलब्ध हुने सेवा सुविधामा एकरुपता कायम गर्दै गुणस्तरको शुनिश्चितता कायम गर्न। स्वास्थ्य सेवा ऐन २०५३ बमोजिम नियुक्ति भएका कर्मचारीहरुलाई एक पटक शुवर्ण स्वैच्छिक अवकाशको व्यवस्था मिलाउनु पर्नेछ। प्रदेश तथा स्थानीय तहमा परिस्थिति आवाश्यक्ता लगायतलाई ध्यान दिदै दरवन्दी संरचना कायम गर्न। परिस्थिति अनुसार नयाँ समुहको विकास तथा विस्तार गरी नागरिकलाई सर्वशुलभ स्वास्थ्य सेवा प्रदान गर्न उपयुक्त भएकोले। स्वास्थ्यकर्मीहरुको लागि समयसापेक्ष अध्ययनको ब्यबस्था गर्न तालिम र कोर्ष वमोजिमको अध्ययन विदाको व्यबस्था गरी अध्ययनलाई प्रभावकारी वनाउन। स्वास्थ्यकर्मीहरुलाई विगतमा प्रदान गरिएको प्रोत्साहनलाई समेत निरन्तरता प्रदान गर्न। स्वास्थ्यका विभिन्न समस्याहरुलाई उजागरपको लागि स्वास्थ्य ट्रेड युनियन अधिकारको सुनिश्चित गर्न बाञ्छनीय भएकोले एकीकृत स्वास्थ्य सेवा ऐनको आवाश्यक्ता रहेको देखिन्छ।

**अन्तमा**

स्वास्थ्य सेवालाई व्यवस्थित गर्न सेवा-सर्तसम्बन्धी कानुनलाई विज्ञ परामर्श र सरोकारवाला, निजी स्वास्थ्य क्षेत्र, नागरिक समाज सवैलाई समेटेर अन्तिम रूप दिनुपर्छ। समायोजनवाट समेट ठगिएका स्वास्थ्यकर्मीहरूको वृत्ति विकास, सुरक्षा र मनोबल बढाउने विषयमा शुक्ष्मढंगले एकीकृत निजामती ऐनले समेटन सक्ने कुनै आधार देखिदैन। विगतमा समेत स्वास्थ्यको मर्मरभावना र विशिष्टकृत सेवा भएकै कारणले निजामती सेवा ऐनवाट स्वास्थ्यलाई छुट्टाई नेपाल स्वास्थ्य सेवा ऐन २०५३ वनाईएको थियो। अतः एकीकृत निजामती सेवा ऐनमा भएका सेवा सुविधालाई यथावत राख्दै स्वास्थ्यको वर्तमान अवस्थालाई मध्यनजर गर्दै थप सेवा सुविधा दिदै पलायन भईरहेको स्वास्थ्यको दक्ष जनशक्तिलाई नागरिकको सेवामा लगाउदै दीगो विकासको लक्ष्य हासिल गर्न निर्णायक भूमिका खेल्नु सरकारको दयीत्व हो। (लेखक राष्ट्रिय स्वास्थ्यकर्मी महासंघका संगठन विभाग सचिव हुन्।)

स्वास्थ्य खबरबाट

## साइबर क्राइम

**पृष्ठभूमी**

बर्तमान समय सामाजिक संजालको युग हो। फेसबुक, मेसेन्जर, ह्वाटसएप, भाइबर, ट्वीटर, इमोजस्ता सामाजिक संजालको प्रयोग व्यक्तिले गरिरहेका छन्। सामाजिक संजालले प्रयोगकर्तालाई सहज बनाएको छ। मानिस जुनसुकै देश र स्थानमा रहेपनि प्रत्यक्ष झैं कुराकानी गर्न पाएका छन्। तर, सामाजिक संजालले जति सहजता उत्पन्न भएको छ, त्यत्ति नै यसको दुरुपयोग गरेर अपराध कर्म पनि हुन थालेको छ। जसलाई साइबर अपराध भनिन्छ।

अन्य अपराधभन्दा यसको प्रकृति र शैली बिलकुल फरक छ भने यसको प्रभाव पनि शक्तिशाली र आम रूपमा हुन्छ। विद्युतीय प्रविधिको गलत प्रयोगले निम्त्याउने यो अपराध अन्य अपराधभन्दा भिन्न शैलीको छ। इन्टरनेटको प्रयोगमार्फत गरिने चरित्र हत्या, हिंसा फैलाउने कार्य, यौनजन्य हिंसा, इन्टरनेट फ्रड (धोकाधडी), अर्काको पहिचान अनाधिकृत रूपमा प्रयोग, क्रेडिट कार्ड तथा एकाउन्ट आदिको चोरी गरी गरिने बैंकिक कसुर, अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कमा पुऱ्याइने क्षतिलगायत अवैधानिक कार्यलाई पनि विश्वका अधिकांश मुलुकका कानुनले साइबर अपराध मानेको छ।

कम्प्युटर, मोबाइल र इन्टरनेटको प्रयोगमार्फतफेक आइडी बनाउने, सामाजिक सञ्जाल प्रयोग गरी गाली गर्ने, वेभसाइट ह्याक गर्ने, फोटो इडिट गरी स्वरूप परिर्वतन गर्ने, अश्लील फोटो/भिडियो पठाउने, सञ्जालमार्फत जिस्काउने, अपमान गर्ने, कल बाइपास, गैह्र कानूनी इमेल, एसएमएस धम्कीदिने जस्ता कार्य नै साइबर अपराध (क्राइम) हो। त्यस्तै इन्टरनेटको प्रयोग गरी गरिने चरित्र हत्या, हिंसा फैलाउने कार्य, यौनजन्य हिंसा, धोकाधडी, क्रेडिट कार्ड तथा एकाउन्ट चोरी, अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कमा पुर्याउने क्षति लगायत अवैधानिक कार्यलाई पनि साइबर अपराध मानिन्छ।

**कहाँ र कसरी गर्ने उजुरी ?**

साइबर क्राइमको उजुरी प्रहरी कार्यालयमा दिन सकिन्छ। यद्यपी अपराधका विषयमा उजुरी दिन प्रहरी कार्यालयमै पुग्नुपर्ने व्यवस्था भएपनि साइबर अपराधबारे उजुरी दिन कार्यालयमै पुग्नुपर्छ भन्ने छैन। प्रहरीमा अनलाईनमार्फत् पनि उजुरी वा निवेदन दिन सकिने व्यवस्था गरिएको छ। त्यसको लागि निवेदन टाइप गरी प्रमाणसहित साइबर व्युरोको इमेल आइडीमा उजुरी पठाउन सकिन्छ। प्रमाणको रुपमा स्क्रीन सर्ट, परिचयपत्र, लिंक, भिडियो, अडियो, फोटो लगायत प्रमाण निवेदनसँगै पठाउनुपर्ने हुन्छ। यसबाहेक साइबर व्युरोले उपलब्ध गराएको फोन नम्बरमा घट्नाको बारेमा जानकारी दिई नाम टिपाएर उजुरी गर्न सकिने हुन्छ।

पहिला अन्य अपराधको जसरी साइबर क्राइममा जुनसुकै जिल्ला अदालतमा मुद्दा दर्ता हुने व्यवस्था थिएन्। काठमाडौं जिल्ला अदालतमा मात्र साइबर क्राइमको मुद्दा दर्ता हुन्थ्यो।

५ असार, २०८० मा बसेको मन्त्रीपरिषद् बैठकले सबै जिल्ला अदालतलाई यस्तो अधिकार दिने निर्णय गरेको छ। विद्युतीय कारोबार ऐन, २०६३ को दफा ६० को उपदफा ५ बमोजिम सोही ऐनको परिच्छेद ९ मा उल्लेख भए बमोजिमका कसुरहरूको शुरू कारबाही र किनारा गर्ने अधिकार सबै जिल्ला अदालतलाई दिइने निर्णय गरेको छ।

**कसरी गरिन्छ यसको अनुसन्धान प्रकृया ?**

उजुरी परेपछि प्रहरीले उपलब्ध प्रमाणका आधारमा सुक्ष्म अनुसन्धान शुरु गर्दछ। प्रहरीले साइबर अपराध अनुसन्धान गर्नकै लागि साइबर ब्युरोको स्थापना गरी डिजिटल फरेन्सिक ल्याब सुधारको प्रयास सुरु गरेको छ। अपराधीले कतै न कतै डिजिटल प्रविधि प्रयोग गरेको हुन्छ भने प्रहरी पनि मोवाइलको लोकेसन, कल डिटेल या सामाजिक सञ्जालका क्रियाकलापको चेकजाँच गरी प्रारम्भिक अनुसन्धान शुरु गर्दछ। आरोपित व्यक्ति संलग्नता देखिए निजलाई पक्राउन गरी थप अनुसन्धान प्रकृया अगाडि बढाउँछ र प्रारम्भिक अनुसन्धान पश्चात सरकारी वकिलको कार्यालय मार्फत अदालतमा साइबर क्राइमको अभियोग दर्ता हुन्छ। अदालतमा अभियुक्तको बयान तथा पीडितको बकपत्र लगायतका बाँकी अनुसन्धान कार्य पुरा गरी अदालतमा फैसला सुनाउने गर्दछ।

**के छ दण्ड सजायको व्यवस्था ?**

नेपालमा विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ प्रयोग गरेर साइबर अपराधको मुद्दा चलाउने गरिएको छ। अपराध पुष्टि भएमा अपराधको प्रकृति हेरी बढीमा तीन लाख रुपैयासम्म जरिवाना र पाँच बर्षसम्म कैद सजायको व्यवस्था गरिएको छ। अपराधको प्रकृति र कसूरको गाम्भिर्यतालाई हेरेर कैद तथा जरिवाना कम बढी गर्ने स्वविवेकिय अधिकार न्यायाधीशमा रहेको हुन्छ। पीडितलाई पुग्न गएको क्षतिलाई विचार गरेर कसूरदारबाट पीडितलाई मनासिब क्षतिपूर्ति भराईदिने व्यवस्था पनि कानूनमा गरिएको छ।

**उजुरी गर्ने म्याद कति हुन्छ ?**

साइबर क्राइम सम्बन्धी कसूर ठहर्ने कुनै कार्य भएमा त्यस्तो कसूर भए गरेको थाहा पाएको मितिले पैतीस दिनभित्र उजुरी गरिसक्नुपर्ने हुन्छ।

**निष्कर्ष:**

जुनसुकै अपराधका दोषी उम्किनुहुँदैन्। पछिल्लो समयमा इन्टरनेटको प्रयोग गरी व्यक्तिको चरित्र हत्या गर्नेदेखि ठगी गर्ने, इमेल र बैंक अकाउण्ट ह्या गरी रकम चोर्नेजस्ता अपराध हुन थालेको छ। साइबर क्राइमबाट पीडित जो सुकैले न्याय पाउनुपर्दछ। अर्को कुरा सामाजिक संजालको प्रयोग कसरी गर्ने भन्नेतर्फ सबै प्रयोगकर्तालाई सचेत रहनु जरुरी छ। आफूलाई पर्न गएको मर्काको सम्बन्धमा उजुरी दिई अपराधीलाई कारवाहीको दायरामा ल्याउन जरुरी देखिन्छ।

**जनहितका लागि**
**डाक्नेश्वरी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय पातो, सप्तरी**

# सिंहदरबारभित्र देखिएको 'समाजवाद'

**डोरप्रसाद उपाध्याय 'निर्मलकुमार'**

एक दिन म एउटा काम विशेषले सिंहदरबार पुगेको थिएँ । मैले पहिला पहिला यसको नाम किन सिंहदरबार राखे होलान् भन्ने लागेको थियो । अहिले त्यो आशङ्का मेटिएको छ । त्यो दरबार मात्र सिंह जस्तो नभएर त्यहाँ बस्ने हरेक प्राणी सिंह जस्तै हुँदा रहेछन् । जसरी एउटा सिंह आफ्नो आहार खोज्न दिनभर जङ्गलमा भौँतारिन्छ ठिक त्यसरी नै सिंह दरबारका ती सिंहहरू पनि शेर बनेर बिचौलिया मार्फत आफ्नो आहारको खोजी गर्न व्यस्त हुँदा रहेछन् । हुन त म आफै सदनमा हुँदा होस् वा संसद्को सार्वजनिक लेखा समितिको सभापति हुँदा होस् त्यति बेला पनि मैले यिनै कुराहरूको अनुभूति गरिरहन्थे । तर यो पटक गहिरोसँग सिंहदरबारको अनौठो समाजवादसँग भिज्ने मौका पाएँ । करिब चार घण्टाको बसाइमा मैले हामी राजनीतिकर्मीहरुको त्याग, बलिदान र योगदानको स्मरण गर्ने जमर्को गरेँ । यहाँ मैले आफूले अनुभूति गरेका विषयहरू पार्टी निर्माणमा सहयोगी हुनेछन् भनेर नै शेयर गर्ने जमर्को गरेको छु ।

समाजवाद भनेको कुनै अमूर्त कल्पना होइन । समाजवाद त सयौं वर्ष देखिको एकीकृत सामन्ती व्यवस्थाका विरुद समानता र समावेशीकरणको आधारमा मुलुक र जनताको जीवन शैलीलाई उकास्ने, उत्पादन र वितरणमा सामूहिक स्वामित्व सिर्जना गर्ने अहिले सम्मकै वैज्ञानिक राजनैतिक आर्थिक प्रणाली हो । मुलुकको समृद्धि भौतिक विकासमा मात्र होइन,जनताको जीवन स्तरमा समेत मापन गरिन्छ । व्यवस्था परिवर्तनले गरिबी र अझ गरिबीको रेखामुनि रहेका जनतालाई माथि उकास्ने र मुलुकमा रोजगार सिर्जना गरेर 'राष्ट्र निर्माणमा मेरो रोजगारी' भने भाव पैदा गर्ने नीति र कार्यक्रम आजको पहिलो आवश्यकता हो । दिनभरि बिचौलिया भेटघाट गरेर आफूलाई व्यस्त राख्ने, स्वार्थ केन्द्रित कर्मचारीका पुरातन पर्खाल तोड्न नसक्ने,बाह्य दातृ राष्ट्रहरुको अनुदानमा रमाएर मुलुकको हित बिर्सने गरी गरिएको गतिविधिलाई समाजवाद भनिँदैन । फ्री भिसा फ्री टिकट भन्ने नाममा युवाहरूलाई बिदेसिन प्रोत्साहन गर्ने, वंशका उत्तराधिकारी र गुटको समीकरणलाई पार्टी ठान्ने, कुनै पनि कुरा संस्थागत नगर्ने, पार्टीलाई गरिब बनाएर आफू मात्र धनी हुने विचार र प्रवृत्तिलाई पनि समाजवाद भनिँदैन ।

हो, सिंहदरबारमा यही समाजवाद छ । सुशासन र समृद्धि लागि सम्माननीय प्रधानमन्त्रीको बढ्दो सक्रियता,चासो र चिन्ता अनि जनताको पक्षमा काम गर्न दिएको कासनले पनि सिंहदरबार के मा झुमिरहेको छ ? जनताको चासो यही कुरामा बढी रहेको देखिन्छ । हुन त केही मान्छेहरू अनावश्यक काम लिएर दुःख दिन पनि जान्छन् होला ! कार्यकर्ता पनि बजेट माग्ने त्यही बजेट फेरी अर्कोलाई बेच्ने, योजना पनि बेच्ने र राजधानीलाई रङ्गिन बनाउनेहरू पनि छन् होला ! तिनीहरूबाट नै तपाईंहरूको घर पनि चलेको होला ! तर मूल नीति नै विजय मल्लको 'अन्तिम भोज'मा रमाए जस्तै गरी अरूलाई सुन्न, बुझ्न नसक्नुले सिंहदरबार भित्रको 'समाजवाद' भनेर किन नभन्ने ? सुनदेखि सहकारीसम्म, शरणार्थी काण्ड देखि फाइबर सम्मका आरोपितहरू वास्तविक समाजवादका धमिराहरु हुन् । यिनीहरूको काम आसेपासेहरू थुपारेर सिंहदरबारमा गोलो लगाउने मात्र हो भनेर जनताले किन नबुझ्ने ? चरित्र, कार्यशैली र बदनियत नबदली सिंहदरबार भित्रको त्यो फोहर सफा गर्न सकिँदैन है ।

राजनैतिक दलहरू बिचौलिया र दलालहरूको आश्रय स्थल होइनन् । दलहरूले सरकारमा हुँदा आफ्नो घोषणापत्र अनुसार र दलभित्र आफ्नो विधान अनुसार चल्न सक्नु पर्छ । पार्टीको विधान,पार्टीको आफ्नो मूल्य मान्यता र संस्थागत निर्णय अनुसार पार्टीलाई हिँडाउनु अहिलेको आवश्यकता हो । पार्टीका कार्यालयहरू बेकामे र बेखबर हुने तर एकथरी मान्छेले त्यही सूचना बेचेर खाने, अक्तियारको दुरुपयोग गर्ने, नेतृत्वसँग फोटो खिचाउने र त्यही देखाएर अरुसँग रकम माग गरेर ठगी गर्नेहरूबाट पनि पार्टीलाई जोगाउनु पर्छ । अझ हाम्रो पार्टी यो परिवर्तनको प्रमुख संवाहक भएको नाताले पनि यसले आफ्नो आदर्शलाई जोगाउन सक्नु पर्छ । रणनीति अनुसार कार्यनीति र कार्यक्रममा चल्ने पार्टी नै दिगो र स्थिर हुन् सक्छ। भइपरी आउने कामलाई कार्यक्रम ठान्ने गल्ती कहिल्यै गर्नु हुँदैन। अझ संसदीय प्रणालीमा त विपक्षका विरुद्ध पहिलो,दोस्रो,तेस्रो योजना बनाएर चल्नु पर्छ । एक छिन रमाउने र कमाउने नीति रणनीति होइन । यसबारे हामी कहाँ चुकेका छौँ ? समीक्षा गर्ने बेला आएको हो कि !

माओवादी केन्द्र लहडमा जन्मिएको पार्टी होइन । यसका हरेक सदस्यसँग रगतका छिटा पोतिएको छ । अंगभंग मात्र होइन कतिपयको परिवार समेत विघटन भएको छ । बेपत्ता र सहिदहरूको परिवारजन गणतन्त्रलाई नै उपलब्धि ठानेर पार्टीलाई सहयोग नै गरिरहेको छ । यस्तो सङ्घर्षमय इतिहास भएको पार्टी प्रति जनताको आशा र भरोसा अहिले पनि जीवित छ । १२/१५ लाख जनताको मत अहिले पनि हामीसँग नै छ । हामी उठ्न सक्ने प्रशस्त आधारहरू छन् । एकल परिवारवादमा आधारित जहानियाँ निरङ्कुश शासनका विरुद्ध एउटा सानो शक्तिले विद्रोह गरेर यहाँसम्म आयौं भने अहिले त हामी त्यसको तुलनामा निकै बलिया छौँ । कमजोर त हाम्रो सोच हो,चिन्तन हो, कार्यशैली हो र हामीले राख्ने बदनियत मात्र हो । हाम्रो चरित्र सफा हुँदा पार्टी प्रतिको विश्वास मात्र होइन आशा समेत बढ्छ कमजोर त आफू केन्द्रित रणनीति बनाउने,एकल निर्णय गर्ने ,उपलब्धिमाथि एकल अधिकार जमाउने सोच र प्रवृत्ति मात्र हो । पार्टीका सबै अङ्गहरूको परिचालनबाट सही परिणाम आउन सक्छ भन्ने बुझ्न नसक्नु पनि हाम्रो अर्को कमजोरी हो । के दलहरूले राजनैतिक स्थायित्वको लागि आफ्ना खराब बानीहरू त्याग्न सक्छन् ? यस बारेको सङ्कल्पले मात्र नेपालमा राजनैतिक स्थिरता कायम गर्न सकिन्छ । यसबारे पनि केही सोच्ने कि !

नेपालको अहिलेको भू-राजनैतिक अवस्था, विश्व राजनीतिमा आएको उतार चढाव ,आर्थिक मन्दी तथा भूमण्डलीकरणको प्रभाव नेपाली राजनीतिमा पर्ने स्वाभाविक नै हो । अझ हामी दुई विशाल छिमेकी देशको बिचमा अवस्थित छौँ । एकल धुव्रीय अमेरिकी साम्राज्यवाद आफ्नो वर्चस्व गुम्ने हो कि भन्ने चिन्ताले दक्षिण पूर्वका देशहरूमा आफ्नो प्रभाव विस्तार गर्दै चीनलाई घेरा हाल्ने रणनीतिमा लागिरहेको देखिन्छ । यस प्रकारको भूराजनीतिक अवस्थालाई मध्य नजर गरेर नै नेपाल नेपाल पथमा हिँड्ने रणनीति अँगाल्नु नै मुलुकको हितमा हुने कुरामा कुनै शङ्का छैन । मुलुकलाई राजनैतिक दलहरूले आफ्नो स्वार्थ र आपसी किचलोको सिकार बनाएर राजनीति गर्न खोज्नु मुलुकको निम्ति दुर्भाग्यपूर्ण हुन् सक्छ ।

यी र यस्तै कतिपय तथ्यहरू माथि विचार गरेर मात्रै समाजवादको आगामी यात्रा सुनिश्चित गर्न सकिन्छ । नेपाली जनताले खोजेको समाजवाद विचौलियातन्त्रमा आधारित दलाल नोकरशाही पुँजीको व्यक्तिगत उपयोगबाट पैदा हुने अराजकतावाद झन् हुँदै होइन । सिंहदरबारमा देखिएको 'समाजवाद' र जनताले खोजेको समाजवादमा कुनै साइनो सम्बन्ध छैन । दिन भरी आहार खोज्ने,रातभरि बिहार रोज्ने प्रवृत्तिलाई बेलैमा खारेज गर्न सकिएन भने केही समयपछि पार्टी 'अन्तिम भोज'को रात्रिपार्टीमा बदलिने छ । त्यति बेला पार्टी निर्माण र सम्मृद्धिबारे सोच्न धेरै ढिलाइ भैसकेको हुनेछ । त्यसो त माओवादी अहिलेको राजनीतिको मूल धार हो । छनस

सङ्घीयता, धर्मनिरपेक्षता, समावेशी, समानुपातिक प्रणाली सहितको गणतन्त्र माओवादीकै बलिदानबाट प्राप्त भएका उपलब्धिहरू हुन् । सुशासन कायम गर्न प्रधानमन्त्रीबाट चालिएका कदम होस् वा सङ्घीयता कार्यान्वयन गर्न गरिएको सक्रियता लगायतका पछिल्ला गतिविधि हेर्दा माओवादीको मूल नेतृत्व जनताको जीवन स्तर उकास्न इमानदार देखिएको छ । तर बाइसे चौबिसे राज्यका 'राजा' जस्ता बनेका वर्तमान क्याबिनेटका मन्त्रीहरू आफ्नै अहमताले छताछुल्ल भएका छन् । तिनलाई यति धेरै घमन्ड पलाएको छ कि जनताको समस्यामा भेटघाट गर्ने समय मिलाउन त के फोन उठाउन समेत त्यही घमन्डको पर्खालले रोक्छ र बिचौलियाहरूको 'विजय गान'मा उत्सव मनाई रहेका हुन्छन् । गणतन्त्र धराप मै परोस् तर आफू चाहिँ पदबाट हट्न नपरोस् भन्ने चाहाना बोकेर सिंहदरबार छिरेकाहरूबाट आउने वा ल्याउने 'समाजवाद' दलाल नोकरशाही पुँजीवादी चरित्रको र अहिले सिंहदरबार भित्र देखिएको वेथितिको विचौलिया समाजवाद मात्र हो । यस्तै विचार र प्रवृत्तिबाट सङ्घीयता र गणतन्त्रमाथि घात हुन् सक्छ । नेतृत्वले बेलैमा ध्यान दिने कि ! मैले सिंहदरबार भित्र जे देखे,अनुभूति गरे, त्यही लेखेर त्यसैले आउनुहोस्,सबैले हातेमालो गरौँ र मुलुकलाई वास्तविक समाजवादतर्फ हिँडौं । रातोपाटीबाट


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**शम्भुनाथ नगरपालिका, सप्तरी**



## बालविवाह विरुद्ध अपील
## "बालविवाह जिन्दगी तबाह"

**बालविवाह के हो ?**

महिला र पुरुषका बीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कार्यलाई विवाह भनिन्छ । विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । नेपालमा कानुनतः विवाह गर्ने उमेर २० बर्ष तोकिएको छ । त्यसैले २० वर्ष भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । शारीरिक र मानसिक रुपमा परिपक्व नभई विवाह गर्नु र सन्तान जन्माउँदा विविध समस्या आउन सक्ने भएकोले विवाहका लागिउमेरको हदबन्दी तोकिएको हो ।

**बालविवाहले निम्त्याउने समस्या यस्ता छन :**

१. शारीरिक तथा मानसिक रोगको शिकार हुने ।
२. बालविवाहपछि स्वास्थ्यमा गम्भीर असर पर्ने जस्तै आङ्ग खस्ने, फिस्टुला हुने, आमा तथा शिशुको मृत्यु हुने
३. बालविवाहपछि बालबालिकाले शिक्षाबाट वञ्चित हुने ।
४. घरेलु हिंसाको शिकार हुने र हिंसा सहन बाध्य हुने, कामको बोझ बोक्नु पर्ने
५. कमै उमेरमा सन्तान जन्माउँदा आमा तथा शिशुको मृत्यु हुने जोखिम उच्च हुने । अपाङ्गता भएका सन्तान जन्मन सक्ने ।
६. विवाहपछि बालवालिकाको पढाइ बिग्रिने, बिरामी हुने, छिटो विवाह गर्दा छिटो बच्चा जन्मने, बालबालिकाको मानसिक शक्तिको विकास हुनबाट वञ्चित हुने ।
७. आफ्नो शरीर र जीवनको बारेमा निर्णय गर्न सक्ने क्षमता नहुने ।
८. व्यवहारिक कुरा बुझ्नन पाउँदै जीवन बर्बाद हुन सक्ने, यौनांगलाई हानी हुन सक्ने र परिवार चलाउन गार्हो हुने ।

*बालविवाह, बालअधिकार, महिलाअधिकार, मानवअधिकारको हनन्मात्रै होइन, विकास र समृद्धिको बाधक पनि हो । तसर्थ बालविवाह नगरौं नगराऔं ।*

**बालविवाह सम्बन्धी कानुनी ब्यवस्था :**

मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ मा बालबिवाह गर्न नहुने भनी स्पष्ट ब्यवस्था गरेको छ । यसैगरि सोहि दफाको उपदफा (१) ले बिवाह गर्ने ब्यक्तिको उमेर निर्धारण गरेको छ । जस अनुसार २० बर्ष नपुगी कसैले बालबिवाह गर्न वा गराउन हुदैन भन्ने ब्यवस्था गरेको छ । उपदफा १ बिपरित भएको बिवाह स्वतःबदर योग्य हुने छ । यसैगरि उपदफा (३) मा कसुर गर्ने ब्यक्तिलाई ३ बर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुने भनिएको छ । बालविवाह भएको ३ महिना भित्र उजुरी गरिसक्नु पर्ने ब्यवस्था कानूनले गरेको छ । तसर्थ, बालविवाहले बालबालिका मात्रै नभई परिवार, समाज र राष्ट्रलाई समेत गम्भीर असर गर्ने हुँदा बालविवाह नगरौं नगराऔं । बालविवाह रोक्न आजैदेखि पहल गरौं ।

**अनुरोधकर्ता**

**खडक नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कल्याणपुर, सप्तरी**

# राष्ट्रपति रामचन्द्र पौडेलद्वारा छिन्नमस्ता भगवती मन्दिरमा विशेष पूजापाठ

**राजविराज**/राष्ट्रपति रामचन्द्र पौडेलले प्रसिद्ध शक्तिपीठ सप्तरीको छिन्नमस्ता भगवती मन्दिरमा विशेष पूजापाठ गरेका छन्। मंगलबार धार्मिक कार्यक्रममा सहभागि हुन आइपुगेका राष्ट्रपति पौडेलले आधा घण्टा पुजापाठ गरे।

पूजापाठ पश्चाते सप्तरीवासीलाई सम्बोधन गर्दै उनले जिल्ला विकासको मामलामा निकै पछाडी रहेकोमा चिन्ता समेत व्यक्त गरे।

"प्रजातन्त्रका लागि क्रान्तिभूमी रहेपनि विकासको मामलामा सप्तरी पछाडी परेको छ" उनले भने।

तराई मधेश कृषिको क्रान्ति हुने ठाउँ भएपनि सिंचाई अभावका कारण सुख्खा रहेको बताउँदै उनले कोशी र कमला डाइभर्सन छिटो भन्दा छिटो संचालन हुनु पर्ने बारे आफूले सरकारलाई ध्यानाकर्षण गराउने उल्लेख गरे।




सोही क्रममा उनले राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालको स्तरोन्तीका साथै थप सेवा बिस्तारका लागि सरकारसमक्ष आफूले कुरा राख्ने प्रतिबद्धता जनाए। उनले तराई मधेशका जिल्लाको विकासका लागि आफू सधै साथमा रहने विश्वास समेत व्यक्त गरे।

सम्बोधन कै क्रममा राष्ट्रपति पौडेलले सप्तरी प्रजातन्त्रका लागि सचेत नागरिकहरुको बसोवासको रुपमा रहेको भन्दै सन् १९४७ मा भारतीय स्वतन्त्रता आन्दोलनका क्रममा सप्तरीकै हनुमानगर जेलमा बन्दी बनाइएका भारतीय समाजवादी नेता जयप्रकाश नारायण, डा. राममनोहर लोहिया लगायतलाई सप्तरीकै प्रजातन्त्रवादीहरुले जेल मुक्त गराएको इतिहास स्मरण गरे।

यसअघि राष्ट्रपतिलाई छिन्नमस्ता गाउँपालिकाको तर्फबाट गाउँपालिका अध्यक्ष विद्यानन्द चौधरीले स्वागत गरेका थिए। उनले राष्ट्रपति पौडेललाई मिथिला पाग र दोसल्ला ओढाएर सम्मान गरे।

छिन्नमस्ता भगवतीको विशेष पूजामा सरिक भएका राष्ट्रपति पौडेलको स्वागतका लागि प्रतिनिधिसभा सदस्यद्वय दिनेश कुमार यादव, तेजुलाल चौधरी, प्रदेश सांसद निलम रजक, प्रमुख जिल्ला अधिकारी किरण थापा, गाउँपालिकाका उपाध्यक्ष राजुदेवी यादव, नेपाली कााँग्रेस सप्तरीका उपसभापति रामकुमार यादव, मूल पुजारी महाकान्त ठाकुर, सुरक्षा निकायका प्रमुखका साथै ठूलो संख्यामा सर्वसाधारणको उपस्थिति रहेको थियो।

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म ब्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**
**राजगढ गाउँपालिका, सप्तरी**

## विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने।
६. सकभर अग्लो स्थानमा बस्ने।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ। तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने।
५. उपचारको ब्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खबर गर्ने।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, बिद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुर्‍याउने।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्धि गर्ने।

**आकस्मिक सम्पर्क नम्बर : जिल्ला आपतकालिन कार्य संचालन केन्द्र सप्तरी -०३१५३३७६२**

**जनहीतका लागि जारि सन्देश : नवीन साप्ताहिक**

# अन्तर्राष्ट्रिय समाचार

## टोरोन्टोका प्रहरीमाथि छुरा आक्रमण

**ओटावा**/क्यानडाको सबैभन्दा ठूलो शहर टोरन्टोमा शुक्रबार दिउँसो भएको विवादका क्रममा एक प्रहरी अधिकारीमाथि छुरा प्रहार भएको छ। टोरन्टो प्रहरीका अनुसार कलेज स्ट्रिट र ल्यान्सडाउन एभिन्यूको क्षेत्रमा रहेको एक व्यवसायिक भवनको पार्किङ स्थलमा स्थानीय समयअनुसार दिउँसो १:३३ बजे उक्त घटना भएको हो।

सीटीभी न्यूजले प्राप्त गरेको भिडियोमा अधिकारीहरू पार्किङ गरिएका दुई कारको बीचमा भुइँमा आक्रमणकारी भनिएका एक व्यक्तिलाई नियन्त्रणमा लिन सङ्घर्ष गरिरहेको देखिन्छ।

दुई सुरक्षा अधिकारीले आक्रमणकारीतर्फ आफ्नो हतियार ताकेको र त्यसको केही समयमा नै त्यो व्यक्ति भुइँमा ढलेको देख्न सकिन्छ। झडपमा घाइते प्रहरी र संदिग्ध दुवैको अवस्था स्थिर रहेको र अस्पतालमा उपचार भइरहेको छ।

टोरन्टोका नगर प्रमुख ओलिभिया चाउका अनुसार यो हप्ता टोरन्टोका तीन जना प्रहरी अधिकारी घाइते भएका छन्। चाउले सामाजिक सञ्जाल फेसबुकमा लेख्नुभएको छ, 'हिंसा कदापि स्वीकार्य हुँदैन।"

प्रहरीमाथिको आक्रमणपछि उक्त क्षेत्रका सडकहरू अवरुद्ध भएको र घटनाको अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ। एजेन्सी

## पाकिस्तानी विद्रोहीको आक्रमणमा ११ जनाको मृत्यु

**पाकिस्तान**/पाकिस्तानको दक्षिणपश्चिमी क्षेत्रमा बन्दुकधारीले ११ जनाको हत्या गरेको अधिकारीहरूले शनिबार बताएका छन्।

स्थानीय समयअनुसार शुक्रबार राति ८ बजेतिर बलुचिस्तान प्रान्तको नौस्की शहरनजिकै छ जना बन्दुकधारीले एउटा बस रोकेरे परिचयपत्र जाँच गरी पञ्जाबको पूर्वी क्षेत्रका नौ जना कामदारलाई अपहरण गरेको प्रहरीले जनाएको छ।

स्थानीय प्रहरीका वरिष्ठ अधिकारी अल्लाह बख्शले एएफपीसँग भन्नुभयो, "राजमार्गबाट दुई किलोमिटर टाढा गोली लागेको अवस्थामा उनीहरूको शव फेला परेको थियो।

आक्रमणकारीले पछि प्रान्तीय सांसदको कारलाई लक्षित गरी गोली चलाएको बख्शले बताउनुभयो। गोली चल्दा गाडीमा सांसद नरहेको बुझिएको छ। आक्रमणपछि कार सडक नजिकैको खाल्डोमा खस्दा दुई जनाको मृत्यु भएको हो।"

नौश्की जिल्ला प्रशासनका वरिष्ठ अधिकारी हबिबुल्लाह मुसाखाइलले एएफपीसँग भन्नुभयो, "प्रहरी र अर्धसैनिक बलले आक्रमणकारीलाई पक्राउ गर्न त्यस क्षेत्रमा खोजी कार्य सुरु गरेका छन् तर आक्रमणकारीहरू यस पटक त्यस क्षेत्रबाट भाग्न सफल भएका छन्।"

बख्शले बन्दुकधारीहरूले 'बलोच पृथकतावादीहरूको कार्यप्रणाली स्पष्ट रूपमा प्रयोग गरेको' र आक्रमणको पछाडि कसको हात थियो भन्ने पुष्टि गर्न अनुसन्धान सुरु गरिएको बताउनुभयो।

पाकिस्तानको सबैभन्दा ठूलो तर गरिब प्रान्त बलुचिस्तानमा जातीय पृथकतावादीहरूले दशकौं लामो विद्रोह गर्दै आएका छन्।

लडाकूहरूले विगतमा पाकिस्तानका अन्य स्थानका जातीय पञ्जाबी र सिन्धीहरूलाई लक्षित गरेका थिए, साथै विदेशी ऊर्जा फर्महरूले यस क्षेत्रको धनको साझेदारी नगरी यस क्षेत्रको दोहन गरिरहेको उनीहरूको भनाइ छ।

पाकिस्तानका प्रधानमन्त्री शहबाज सरिफले शुक्रबार राति भएको आक्रमणलाई 'आतङ्कवादको घटना' को संज्ञा दिँदै 'सहजकर्तालाई दण्डित गरिने' बताउनु भएको छ।

गत वर्ष अक्टोबरमा बन्दुकधारीले निजी आवास निर्माण गरिरहेका छ जना पञ्जाबी मजदूरको हत्या गरेका थिए।

गत महिनाको अन्त्यतिर यस क्षेत्रमा चीनको लगानीको आधारशिला मानिएको बन्दरगाहको कार्यालयमा आक्रमण गर्ने क्रममा आठ जना बलोच लडाकू मारिएका थिए।

आक्रमणको क्रममा दुई जना पाकिस्तानी सैनिकको मृत्यु भएको सेनाको जनसम्पर्क शाखाले जनाएको छ।

पाकिस्तानी सुरक्षा बल पृथकतावादीहरूको सबैभन्दा बढी निशानामा परेको छ। बलोच लडाकूले आफ्नो समुदायलाई उनीहरूको प्रतिरोधको बदलाको रूपमा गैरन्यायिक हत्या र बेपत्ता पार्ने गरेको दाबी गर्छन्। एजेन्सी

## नयाँ वर्षको अवसरमा सयौं कैदीबन्दी रिहा

**कोलम्बो**/श्रीलङ्काका राष्ट्रपति रनिल विक्रमासिङ्घेले परम्परागत सिंहली र तमिल नयाँ वर्षको उपलक्ष्यमा शनिबार करिब ८०० दोषीलाई आममाफी दिनुभएको छ।

यसअघि क्रिसमसको उपलक्ष्यमा श्रीलङ्कामा आचरणमा सुधार आएका एक हजार कैदीलाई रिहा गरिएको थियो भने नयाँ बर्षको उपलक्ष्यमा ७७९ कैदीबन्दीलाई आममाफी दिइएको हो।

कारागारका एक अधिकारीले एएफपीलाई बताएअनुसार हालसालै भएको हिंसात्मक गतिविधिका कारण श्रीलङ्काको कारागारमा भीडभाड रहेकोमा सयौंको सजाय माफी भएपछि कारगारभित्रको भीड कम भएको छ।

शुक्रबारसम्म करिब ११ हजार कैदीबन्दी राख्न सक्ने गरी डिजाइन गरिएको श्रीलङ्काका कारागारमा करिब ३० हजार कैदीबन्दी रहेका थिए। श्रीलङ्काले नयाँ वर्षको अवसरमा लामो बिदा घोषणा गर्नुका साथै मङ्गलबारसम्म मदिरा बिक्रीमा प्रतिबन्ध लगाएको छ। एजेन्सी

# मुलुकको शैक्षिक नीति मधेस विरोधी : वक्ताहरु



**राजविराज**/मुलुकको शैक्षिक नीति मधेस विरोधी रहेको एक कार्यक्रममा वक्ताहरूले बताएका छन्।

नयाँ वर्षको अवसरमा इन्टेलेक्चुअल फाउन्डेसन नेपालले शनिबार राजविराजमा गरेको शुभकामना आदानप्रदान तथा शैक्षिक विमर्श कार्यक्रममा वक्ताहरूले उक्त कुरा बताएका छन्।

सम्बन्धित ठाउँको अवस्था विश्लेषण गरेर बनाएको नीति मात्र कार्यान्वयन गर्न सजिलो हुने उनीहरूको भनाइ छ ।

उनीहरूले शिक्षाको गुणस्तर खस्कनुको विभिन्न कारण भएपनि मुख्य कारण शिक्षकहरू पेशागत जिम्मेवारी भन्दा व्यावसायिक जिम्मेवारीमा ध्यानाकर्षण गरेको आरोप लगाए। उनीहरूले यस्तो विषयमा निरन्तर विचार विमर्श गरेर सुधार गर्न तर्फ लाग्नुपर्नेमा जोड दिए।

शैक्षिक स्तर सुधारका लागि प्रत्येक व्यक्ति स्वयं जिम्मेवार बन्नुपर्ने उनीहरुको भनाई छ। शिक्षामा विकृतिको मुख्य कारण सामाजिक र नैतिक दायित्वबाट समाज पन्छिदै जानु हो। भ्रष्टाचार हरेक क्षेत्रको भाईरस रहेको उनीहरूको आरोप थियो।

शिक्षा क्षेत्रमा राजनीतिकरण बढेपछि शिक्षाको स्तर खस्केको हो। राजनीतिक भन्दा शैक्षिक क्षेत्र बाहिरिन एकदमै आवश्यक रहेको बताए।

"संघीयताले शिक्षालाई धरापमा पार्यो। स्थानीय सरकारको मातहतमा शिक्षा गएदेखि शैक्षिक अवस्था गम्भीर अवस्थामा पुगेको छ" सहभागीहरूको आरोप थियो।

कार्यक्रमका प्रमुख अतिथि डा. हेम मिश्र, डा. पिताम्बर लाल यादव, आमसंचार प्राधिकरण मधेस प्रदेशका अध्यक्ष श्याम सुन्दर यादव, प्रतिष्ठानका सदस्य राजकुमार यादव, नेपाल पत्रकार महासंघ सप्तरीका पूर्व अध्यक्ष विष्णु मण्डल, धिरेन्द्र प्रसाद साह, डा.राम खेलावन यादव, पत्रकार सुधा देव, पूर्व विद्यार्थी नेता राजकुमार यादव, विद्यापति पुरस्कारकोषका सदस्य सचिव ध्रुव मण्डल, साहित्यकार सागरवीर कडारी, शिक्षक चुनचुन यादव, सामाजसेवी राजु जयसवाल, मिलाफ सप्तरीको अध्यक्ष रमिला साह, शिक्षक दिलिप कुमार यादव, सुधाकर प्रसाद सिंह, समाजसेवी देव विलास यादव, अभिवक्ता प्रतिमा देव, फाउन्डेसनका अध्यक्ष डा. सूर्या यादवको अध्यक्षतामा आयोजित कार्यक्रमको संचालन गीतकार शम्भु श्रीले गरेका थिए।

# बढ्दो महिला हिंसा न्युनिकरणका लागि जनचेतना



**राजबिराज**/बढ्दो महिला हिंसा न्युनिकरणका लागि ९ दिने जनचेतना कार्यक्रम शनिबारदेखी सुरू भएको छ।

मानव अधिकार प्रवर्द्वन छिन्नमस्ता गाउपालिका १ बरहीविरपुरको आयोजनामा तथा राजबिराज नगरपालिकाको सहयोगमा उक्त जनचेतनामूलक कार्यक्रम वडा नं. १२ दमावतीमा सुरू भएको हो।

समुदाय स्तरमा बढ्दो महिला हिंसालाई न्युनिकरण गर्ने उद्देश्यले यो कार्यक्रम गरिएको मानव अधिकार प्रवर्द्वन छिनमस्ता गाउपालिका वडा१ बरहीविरपुरका अध्यक्ष हुलसित यादवले जानकारी दिए।

उक्त अवसरमा राजबिराज वडा१२ का अध्यक्ष रामचन्द्र यादव, वडा सदस्य महेश यादव, बिहारी यादव, नगरपालिका कृषी शाखा प्रमुख हरि नारायण यादव, नगरपालिका पोषण सहजकर्ता रंजिता यादव, पत्रकार चन्दनकुमार यादव लगायतले महिला हिंसा अन्त गर्नका लागि समुदायमा जनचेतना मुलक कार्यक्रम संचालन गर्नुपर्नेमा जोड दिएका छन।

उक्त जनचेतना मुलक कार्यक्रम त्रिवेणी यादव, कंचन यादवलगायतले प्रशिक्षण दिईरहेको छ। उक्त जनचेतना मुलक अभिमुखिकरणमा ४० जना महिलाहरूको सहभागिता रहेको छ।

भर्ना खुल्यो । भर्ना खुल्यो ॥ भर्ना खुल्यो ॥।

# Wisdom School

Rajbiraj 2, (Near Rajdevi Mandir)

**Play Group to Class 9**

"गुणस्तरिय शिक्षा हाम्रो प्रतिबद्धता"

**हाम्रो विशेषताहरु**

- दक्ष तथा अनुभवी शिक्षक शिक्षिकाबाट पठनपाठन गराइन्छ।
- कम्प्युटर ल्याबको व्यवस्था भएको।
- विज्ञान प्रयोगशालाको व्यवस्था भएको।
- CC Camera को निगरानीमा पठनपाठन गराइन्छ।
- Monthly Test को व्यवस्था भएको।

**सम्पर्क फोन नं. ०३१-५९०१९२**
**मोवाइल नं. ९८१२०२२१३५ (प्रिन्सिपल)**
**मो. नं. ९८०४७२६१९२, ९८४२८२३२७१**

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**
**तिरहुत गाउँपालिका, सप्तरी**

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**
**विष्णुपुर गाउँपालिका, सप्तरी**

**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*